
# लूकाको सुसमाचार

लूकाको सुसमाचार लूका नामका व्यक्तिले लेखेका दुई भाग श्रृङ्खलाको पहिलो पुस्तक हो। अन्य सुसमाचारका पुस्तकहरु जस्तै, लूकाको पहिलो पुस्तकले येशूको जीवनको कथा र उहाँका शिक्षाहरु बारे बताउँछ। दोस्रो पुस्तकले येशूका चेलाहरु र प्रेरितहरुको जीवनलाई पछयाउने कथालाई जारी राख्छ। दोस्रो पुस्तकलाई प्रेरितको पुस्तक भन्दछ।



**लेखक:** लूका एक चिकित्सा डाक्टर र प्रेरित पावलका सहकर्मी थिए।
**मीति:** ६०-६९ AD बीचमा।
**मूल दर्शक:** थियोफिलस नाम गरेको मानिस र येशूको गैर-यहूदी अनुयायीहरु।

**पुस्तकको मुख्य उद्देश्य:**
लूकाले पहिलो अध्ययको पहिलो चार पदहरुमा आफ्नो सुसमाचार लेख्नुको मुख्य उद्देश्य के थियो भनेर बताउँछन्। ”हाम्रा माझमा घटेर पूरा भएका घटनाहरूको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन्। तिनीहरू जो सुरुदेखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरू थिए, तिनीहरूले यी कुरा हामीलाई सुम्पिदिए। माननीय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति क्रमैअनुसारको एउटा विवरण लेख्न मलाई असल लाग्यो, ताकि तपाईंलाई बताइएका विषयहरूको सत्यता तपाईंलाई थाहा होस्।” (१:१-४)।
लूकाले भन्छन् कि यो पुस्तक लेख्नुको मुख्य उद्देश्य घटेको घटनहरुलाई एक व्यवस्थित रुपमा लेख्नु थियो। अझ महत्वपूर्ण कुरा, थियोफिलस र अन्य विश्वासीहरुले उनीहरुलाई सिकाइएको कुराबारे निश्चित हुन सकुन् भनेर उनले व्यवस्थित विवरण लेखे। येशूको मृत्युको २०-३० वर्ष पछि, पहिलो पटक उनका चेलाहरु र प्रेरितहरुले येशूको शिक्षा र उहाँका चमत्कारका कथाहरु जहाँ गए पनि साझा गरे। येशूलाई पछयाउने र उनको शिक्षाको आज्ञा पालन गर्नेहरुको संख्या दिनहुँ बढ्दै गयो। येशुको सेवकाईको मूल चेलाहरु र प्रत्यक्षदर्शीहरु बूढो हुँदै गए र कोही मर्न थाले। सुसमाचार पुस्तकका लेखकहरु जस्तै मत्ती, मर्कूस र लूकाले येशूले गर्नुभएका र सिकाउनुभएका सबै कुराहरु लेख्ने निर्णय गरे। लूका सायद बाइबल पुस्तकको एक मात्र गैर-यहूदी लेखक हुन्। र उनी येशूका बाह्र चेलाहरु मध्येको पनि थिएन। तर लूका चाहिँ प्रेरितहरुका सहकर्मी थिए, र उनले आफ्नो सुसमाचारमा घटनाहरुको होसियारीसाथ अनुसन्धान गरेर प्रस्तुत गरेको छ। तपाई विश्वास गरेका कुराहरुबारे तपाईले पनि पक्का हुन सकुन् भनरे उहाँले यो गर्नुभयो।

**लूका पुस्तकको रुपरेखा:**

1. ख्रिष्टको तयारी (१:१-२:५२)
2. ख्रिष्टको परिचय (३:१-४:१३)
3. ख्रिष्टको सेवकाई (४:१४-९:५०)
4. ख्रिष्टको विशेष काम (९:५१-१८:३०)
5. ख्रिष्टको कष्ट (१८:३१-२३:५६)
6. ख्रिष्टको पुनरुत्थान (२४:१-५३)

मत्ती, मर्कूस र लूकाले धेरै जसो येशूको बारे एउटै कथाहरु प्रस्तुत गरेका छन्। यदि तपाईले मत्ती र मर्कूसको पुस्तक पढ्नुभएको छैन भने तपाईले लूकाको सम्पूर्ण पुस्तक अध्ययन गर्नुपर्छ। यदि पहिलै नै तपाईले मत्ती वा मर्कूसको पुस्तक अध्ययन गर्नुभएको छ भने, तपाईले लूकाको पुस्तकमा मात्र भएको येशूको कथा र शिक्षाहरुको अध्ययन गर्नसक्नुहुन्छ। लूकाको सुसमाचार पुस्तकमा मात्र भएको २७ वटा कथाहरु र शिक्षाहरु तल प्रस्तुत गरेका छन्।

| | |
|---|---|
| ☐ १:१-२५ बप्तिस्मा दिने यूहन्नाको जन्मको भविष्यवाणी | ☐ 12:१३-२१ मूर्ख धनी मानिसको दृष्टान्त |
| ☐ १:२६-३८ स्वर्गदुत मरियमकहाँ देखा परेको | ☐ १३:१-९ बाँझो रुखको दृष्टान्त |
| ☐ १:३९-५६ मरियम र एलीशिबाको भेट | ☐ १३:१०-१७ पक्षगतीलाई निको पार्नुभएको |
| ☐ १:५७-८० बप्तिस्मा-दिने यूहन्नाको जन्म | ☐ १४:१-१४ येशू एक जना फरिसीको घरमा |
| ☐ २:१-२० गोठालाहरुले येशूलाई भेटेको | ☐ १४:२५-३५ ख्रिष्टको चेलाहरुले तिर्नुपर्ने मोल |
| ☐ २:२१-३८ मन्दिरमा येशूको अर्पण | ☐ १५:११-३२ हराएको छोराको दृष्टान्त |
| ☐ २:४१-५२ बालक येशू येरुशालेम जानुभएको | ☐ १६:१-१५ चतुर व्यवस्थापकको दृष्टान्त |
| ☐ ४:१४-३० येशूले यशैया पुस्तक पढ्नुभएको | ☐ १६:१९-३१ धनी मानिस र लाजरस |
| ☐ ५:१-११ चमत्कारी रुपमा थुप्रै माछाहरु पक्रे | ☐ १७:११-१९ दश कुष्ठरोगीहरु निको परिएको |
| ☐ ७:११-१७ येशूले विधवाको छोरो जीवित पार्नुभएको | ☐ १८:१-८ विधवाको दृष्टान्त र न्याय |
| ☐ ७:३६-५० पापी स्त्रीलाई क्षमा गर्नुभएको | ☐ १८:९-१४ फरीसी र कर उठाउनेहरुको दृष्टान्त |
| ☐ ८:१-३ स्त्रीहरुले येशूलाई समर्थन गरेको | ☐ १९:१-१० कर उठाउने जखायस |
| ☐ १०:२९-३७ असल सामारीको दृष्टान्त | ☐ २४:३६-५३ येशूको स्वर्गारोहण |
| ☐ १०:३८-४२ येशू मार्था र मरियमको घरमा | |

जब तपाईले यी प्रत्येक खण्डहरु समूहमा अध्ययन गर्नुहुन्छ, तब निम्न प्रश्नहरु सोध्नहोस्:

1. हामीले यी खण्डहरुबाट के सिक्यौ?
2. लूकाले यी कथाहरु र शिक्षणहरु आफ्नो पुस्तकमा किन समवेश गरे जस्तो लाग्छ?
3. मैले येशूलाई आज्ञा पालन गर्नु के गर्नुपर्छ?
4. म यो कथा कसलाई बताउन सक्छु?

### आराधनाको विषयवस्तु

लूकाको सुसमाचारले आराधनाको विषयवस्तुलाई बढो गहन तरिकाले प्रस्तुत गरेको छ। पुस्तकको सुरुवात (१:८) र अन्त्य (२४:५३) यरुशलेमको मन्दिरमा मानिसहरुले परमेश्‍वरलाई आराधना गरेको कथाहरुबाट सुरु भएको छ। लूकाले आफ्नो ससमाचारको पुस्तकमा धेरै गीतहरु पनि प्रस्तुत गरेको छ। जस्तै: (१:४६-५५, १:६७-७९, र २:२९-३२)। पुस्तक भारी, २० वटा सन्दर्भहरु छन् जहाँ मानिसहरुले परमेश्‍वरलाई आराधना र धन्यवाद गरेको छ। तपाईले लूकाको पुस्तक अध्ययन गर्दा, तपाई केको लागि परमेश्‍वरलाई आराधना र धन्यवाद दिनुहुन्छ?

### यरुशलेम शहर

यरुशलेम शहरको बारे अन्य सुसमाचारका पुस्तकहरु भन्दा धेरै लुकाको पुस्तकमा उल्लेख गरिएको छ। लूकाको सुसमाचार सुरु र अन्त्य यरुशलेममा भएको छ, (१:५-८ र २४:५२-५३), येशू बालक हुँदा यरुशलेम शहर भ्रमण गर्नुभयो (२:२२-५२), लूकाले १० अध्ययहरुमा येशुको यरुशलेमको यात्रा बारे उल्लेख गरेको छ।(९:५१-१९:४०), येशू यरूशलेममा रुनुभयो (१९:४१-४४), येशूको पुनरुत्थान पछि उहाँ यरूशलेम शहरको वारिपरि देखा पार्नुभयो। अन्तमा, येशूको स्वर्गरोहण पछि उहाँले आफ्नो चेलाहरुलाई यरूशलेममै रहन भनिएको थियो। यहूदीहरु लागि येरुशलेम अति महत्वपूर्ण ठाऊँ थियो किनभने परमेश्‍वरको मन्दिर त्यहाँ थियो। लूकाको दोस्रो पुस्तक, प्रेरितमा, उसले बताउँछ कि मण्डली कसरी यरुशलेममा सुरु भयो र चाँडै संसारभर फैलियो। आज परमेश्‍वरको मन्दिर यरुशलेममा छैन। येशूको चेलाहरु नै परमेश्‍वरको मन्दिर हो। (१ कोरीन्थि ६:१९)